# कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित मालवस्तु शीघ्र जाँचपास कार्यविधि, २०७८




नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौं

# कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित मालवस्तु शीघ्र जाँचपास कार्यविधि, २०७८

<u>प्रस्तावना</u>: विश्वव्यापी सङ्क्रामक महामारी कोभिड-१९ नेपालमा पनि तीव्र रुपमा फैलिइरहेको र नेपाल सरकारले यस रोगको निरोध, निदान, नियन्त्रण तथा उपचारलाई प्रमुख प्राथमिकतामा राखी आवश्यक विभिन्न मालवस्तुको पैठारीमा महसुल छुट दिने निर्णय गरिसकेको परिप्रेक्ष्यमा कोभिड-१९ को रोकथाम तथा उपचारका लागि आवश्यक पर्ने अत्यावश्यक मालवस्तुको पैठारीमा सहजीकरण गरी शीघ्र भन्सार जाँचपास गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्सार ऐन, २०६४ को दफा ९३ बमोजिम विभागले यो कार्यविधि बनाई लागू गरेको छ ।

## खण्ड -१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम **"कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित मालवस्तु शीघ्र जाँचपास कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ र कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित अत्यावश्यक मालवस्तुको जाँचपासको हकमा मात्र लागू हुनेछ।

(३) यो कार्यविधि महानिर्देशकले निर्णय गरी जुनसुकै वखत खारेज गर्न सक्नेछ ।

२. **<u>परिभाषा</u>:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "अत्यावश्यक मालवस्तु" भन्नाले यस कार्यविधिको अनुसूची- १ बमोजिमका कोभिड-१९ को रोकथाम तथा उपचारसँग सम्बन्धित मालवस्तु सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले भन्सार विभाग अन्तर्गतका भन्सार कार्यालय सम्झनु पर्दछ ।

(घ) "घोषणा" भन्नाले ऐन वा नियमावली बमोजिम गरिएको मालवस्तुको घोषणा सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्छ।

(च) "पैठारीकर्ता" भन्नाले अत्यावश्यक मालवस्तु पैठारी गर्ने प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्दछ ।

(छ) "महानिर्देशक" भन्नाले भन्सार विभागका महानिर्देशक सम्झनु पर्दछ।

(ज) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्दछ ।

(२) यस कार्यविधिले परिभाषित नगरेका तर भन्सार ऐन,२०६४ ले परिभाषित गरेका शब्दहरु यस कार्यविधिमा प्रयोग गरिएकोमा त्यस्ता शब्दहरु सो ऐनले परिभाषित गरे बमोजिम हुनेछ।

# खण्ड -२

## अत्यावश्यक मालवस्तुको घोषणा र जाँचपास सम्बन्धी व्यवस्था

३. **अत्यावश्यक मालवस्तु घोषणा गर्नुपर्ने:** (१) पैठारीकर्ताले अत्यावश्यक मालवस्तु पैठारी गर्नका लागि नियमित प्रक्रिया बमोजिम आवश्यक कागजातसहित त्यस्तो मालवस्तु घोषणा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि प्रज्ञापनपत्रसाथ पेश गर्नुपर्ने कुनै कागजात तत्काल पेश गर्न नसकेमा त्यस्तो कागजात पछि पेश गर्ने सर्तमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मालवस्तु जाँचपास भएकोमा मनासिव समयभित्र पैठारीकर्ताले त्यस्तो कागजात विद्युतीय माध्यमबाट वा भौतिक रुपमा भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्नेछ ।

४. **अत्यावश्यक मालवस्तु जाँचपासमा प्राथमिकता दिनुपर्ने:** (१)भन्सार अधिकृतले अत्यावश्यक मालवस्तुलाई उच्च प्राथमिकता दिई शीघ्र जाँचपास गर्नु पर्नेछ। सो प्रयोजनका लागि भन्सार कार्यालयको प्रमुखले आफ्नो कार्यालयमा आवश्यक कर्मचारीको व्यवस्थासहित छुट्टै इकाई (Dedicated Unit) खडा गरी कर्मचारी खटाउन सक्नेछ ।

(२) आपूर्ति व्यवस्थालाई सहज एवं शीघ्र बनाउन कार्यालयको नियमित समयभन्दा अघि वा पछि र सार्वजनिक विदाको दिनमा पनि यात्रु जाँचपास कक्ष वा काउण्टरबाट समेत अत्यावश्यक मालवस्तुको जाँचपास गर्ने गरी भन्सार कार्यालयको प्रमुखले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम हुने जाँचपासका क्रममा देखिएका समस्या समाधान गरी आवश्यक सहजीकरण गर्नका लागि विभागमा उपमहानिर्देशकको संयोजकत्वमा एक द्रुत कार्यदल (Rapid Response Team) रहनेछ ।

(४) अत्यावश्यक मालवस्तुको शीघ्र जाँचपासलाई सहजीकरण गर्न विभागले छनौट प्रणालीको उपयुक्त विधि अवलम्बन गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम जाँचपास भएका मालवस्तुको विवरण सम्बन्धित कार्यालयले अनुसूची -२ बमोजिमको ढाँचामा दैनिक रुपमा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

५. **गुणस्तर प्रमाणित हुनुपर्ने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अत्यावश्यक मालवस्तु मध्ये गुणस्तर प्रमाणित भएपछि मात्र जाँचपास गर्नुपर्ने प्रकृतिका मालवस्तु गुणस्तर प्रमाणित भए पश्चात मात्र जाँचपास गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मालवस्तुको गुणस्तर प्रमाणित भइनसकेको तर उक्त कार्य प्रक्रियामा रहेको र गुणस्तर प्रमाणित भएपछि मात्र प्रयोग गर्ने गरी जाँचपास गरी दिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा तोकिएको निकायले सिफारिश गरेको अवस्थामा भन्सार अधिकृतले सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ।

## खण्ड -३

## सहज आपूर्तिको व्यवस्था सम्बन्धमा समन्वय तथा सहकार्य

६. **अन्तरनिकाय समन्वय सम्बन्धी व्यवस्था:**(१)अत्यावश्यक मालवस्तु जाँचपासको क्रममा स्थानीयस्तरमा कुनै समस्या उत्पन्न भएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायसँग आवश्यक समन्वय गर्नेछ ।

(२) अत्यावश्यक मालवस्तुको पैठारीलाई सहज गराउने सम्बन्धमा भन्सार कार्यालयको प्रमुखले सीमावर्ती समकक्षी भन्सार प्रशासनसँग आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

(३) नेपाल सरकारले स्वीकृत गरेको स्वास्थ्य मापदण्डको अधीनमा रही सबै कार्यालयहरुले भन्सार क्षेत्रभित्र रहेका कर्मचारी, व्यवसायी, भन्सार एजेन्ट तथा प्रतिनिधि, टर्मिनल व्यवस्थापक, ढुवानी व्यवसायी, मजदुर संघ संगठन र सुरक्षा निकायहरु बीचमा आपसी समन्वय तथा सहकार्य गरी अत्यावश्यक मालवस्तुको जाँचपासलाई प्रभावकारी बनाउनु पर्नेछ ।

(४) अत्यावश्यक मालवस्तुको जाँचपासको क्रममा कुनै विषयमा द्विविधा उत्पन्न भएमा विभागले यथाशीघ्र अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्य सम्बन्धित निकायसँग आवश्यक परामर्श र समन्वय गरी भन्सार कार्यालयलाई आवश्यक निर्देशन दिनेछ र सोही बमोजिम सम्बन्धित भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गर्नुपर्नेछ।

## खण्ड -४

## विविध

७. **प्रचलित कानून बमोजिम हुने:** अत्यावश्यक मालवस्तुको जाँचपास प्रक्रियाका सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयहरुमा ऐन, नियमावली तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

८ **बाधा अड्काउ फुकुवा गर्न सक्ने:** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्काउ पर्न गएमा प्रचलित कानून बमोजिम महानिर्देशकले व्याख्या गरी त्यस्तो द्विविधा वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची -१
### (दफा २ को १ (क) सँग सम्बन्धित)

## कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित अत्यावश्यक मालवस्तु

(क) Medical Grade Oxygen (Liquid and Gaseous Oxygen)

(ख) Helmet for noninvasive ventilators

(ग) Oxygen cylinder

(घ) Liquid oxygen container

(ङ) Liquid oxygen tank

(च) Oxygen canister

(छ) ISO containers for shipping oxygen

(ज) Cryogenic road transport tank for oxygen

(झ) Vacuum pressure swing adsorption (VPSA)

(ञ) Pressure swing adsorption (PSA) oxygen plant

(ट) Cryogenic oxygen air separation units (ASUs)

(ठ) Oxygen cylinder valve

(ड) Syringe pump, infusion pump, high flow nasal cannula

(ढ) ICU monitor, oxygen concentrator, venture mask

(ण) Reservoir mask, ventilator mask, non-invasive ventilator mask, ventilator circuit

(त) Oxygen connectors and tubing, oxygen filling system, oxygen generator compressors, tubing

(थ) Humidifiers and viral filters for ventilators

(द) Oro-nasal mask and nasal mask for noninvasive ventilators, oxygen flow meter, oxygen regulator

(ध) Blood gas analyzer, ICU bed.

(न) Remdesivir

(प) नेपाल सरकारले तोकेका कोभिड-१९ को रोकथाम र उपचारसँग सम्बन्धित अन्य मालवस्तु।

अनुसूची -२

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**भन्सार विभाग**

**..............................भन्सार कार्यालय**

**<u>कोभिड-१९को रोकथाम र उपचारसँग सम्बन्धित अत्यावश्यक मालवस्तु जाँचपासको विवरण</u>**

जाँचपास भएको मिति.........................

| सि.नं. | मालवस्तुको नाम | भन्सार उपशीर्षक | इकाई | परिमाण | बीजक मूल्य विदेशी मुद्रामा | भन्सारले कायम गरेको मूल्य (ने.रु.) | असुल भएको जम्मा महसुल | छुट दिइएको जम्मा महसुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

भन्सार अधिकृतको नामः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः